# ा वृद्धि

ढेको देखिएको उहाँको
ल्मीमा एसईईका लागि
ा गरिएको छ । केन्द्रका
र प्रदान गरी केन्द्रतर्फ
उनुभयो । केन्द्रको नजिक
उत्तर पुस्तिका र प्रश्नपत्र
ताउनुभयो । एसईईमा
खटिने र आवश्यकताको
हुन सक्ने धिमिरेले
ताई प्रभावकारी बनाउन
मन गर्ने गरी योजना
छ ।

# काठदाउरा लिलाम बिक्र सम्बन्धि सूचना

*(प्रथम पटक प्रकाशितमिति २०८१।१२।०५ गते)*

यस सामुदायिकवनउपभोक्ता समूहको स्विकृत वनकार्ययोजनाअनुसारआ.व. ०७९।०८० मासामुदायिकवन क्षेत्रभित्र रहेका कटान सहमतिभएका ढलापडा रुखहरु कटान गरी उत्पादनभई उपभोक्ताभित्रविक्रीनभई घाटगद्दीमा रहेकाविभिन्नजातको गोलियाथान६६४को ३१८६.८७क्यू.फिट काठ र दाउरा १.५चट्टालाई (कायमगरिएको १ वटा लट)हाल जे जस्तो अवस्थामा छ सोहीअवस्थामाआफ्नै खर्चमा उठाई लैजाने गरी गोप्यशिलबन्दीबोलपत्र प्रक्रियाबाट लिलामविक्रीगर्नुपर्ने भएकोले वन पैदावारको कारोबार गर्न ईच्छुक तथा योग्य संघ संस्थाउद्योग वाफर्मले सूचनाप्रकाशितभएको मितिदेखि २१ दिनभित्रकार्यालय समयभित्रबोलपत्र खरीद गरी २२ औं दिनको ३:०० बजे भित्रदाखिलागर्नहुन र विस्तृत जानकारीको लागि यस समूहको कार्यालयतथाजिल्ला स्थित अन्यकार्यालयमा टाँस भएको सूचना हेर्नु हुन अनुरोध छ ।

अध्यक्ष:देबेन्द्र रेश्मी (९८५७०६९५९१)

**देवी देउराली सामुदायिक वन उपभोक्ता समूह**

शितगंगा न.पा. वडा नं. ११, अर्घाखाँची

# देवी देउराली सामुदायिक वन उपभोक्ता समूह
## शितगंगा न.पा.-११, अर्घाखाँची

पत्र सं.०८१।०८२
च.नं. १०

मिति : २०८१।१२।०५

विषय : काठ दाउरा बिक्रीको सूचना वेभ साइटमा राखि दिने बारे ।

श्री वन तथा वातावरण मन्त्रालय, लुम्बिनी प्रदेश, राप्ती उपत्यका दाङ्ग

श्री वन निर्देशनालय, लुम्बिनी प्रदेश, बुटवल, रुपन्देही

श्री डिभिजन वन कार्यालय, अर्घाखाँची

उपरोक्त विषयमा यस देवी देउराली सामुदायिक वन उपभोक्ता समूहले आ.व. ०७९/०८० मा सामुदायिक वन क्षेत्रभित्र ढलापडा रुखहरुको काठ दाउरा संकलन गरी घाटगद्धीमा राखिएका काठ दाउरा लिलाम सम्बन्धी शिलवन्दी बोलपत्र आवह्नको लागि मिति २०८१।१२।०५ गतेको नव तिलोत्तमा राष्ट्रिय दैनिक पत्रिकामा सूचना प्रकाशित गरी समूहले तयार गरेको विस्तृत सूचना यसै साथ संलग्न राखी पठाईएको छ । प्रचार प्रसारको लागि तहाँ कार्यालयको वेभसाइटमा राखि दिन हुन अनुरोध छ ।

.......................
देवेन्द्र रेश्मी
अध्यक्ष

# देवी देउराली सामुदायिक वन उपभोक्ता समूह

## शितगंगा न.पा. वडा नं. ११, अर्घाखाँची

प.सं. ०८१।०८२
च.नं.

देवेन्द्र रेस्मी
अध्यक्ष

मिति : २०८१।१२।०५

विषय : काठ दाउरा लिलाम बिक्री सम्बन्धी शिलबन्दी बोलपत्र आव्हानको सूचना !

(नव तिलोत्तमा राष्ट्रिय दैनिक पत्रिकामा पहिलो पटक प्रकाशित मिति २०८१।१२।०५)

प्रस्तुत विषयमा यस सामुदायिक वन उपभोक्ता समूहले आ.व. ०७९/०८० मा सामुदायिक वन क्षेत्रमा रहेका ढलापडाका रुखहरु कटान गर्दा उत्पादन भई उपभोक्ता भित्र बिक्री नभएका घाटगद्दी गरी राखिएका विभिन्न जातको गोलिया थान ६६४ को ३१८६.८७ क्यू.फिट गोलिया काठ र दाउरा १.५ चट्टालाई (कायम गरिएको १ वटा लट) हाल जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरी गोप्य शिलबन्दी बोलपत्र प्रकियाबाट लिलाम बिकी गर्नुपर्ने भएकोले वन पैदावारको कारोबार गर्न ईच्छुक तथा योग्य संघ संस्था उद्योग वा फर्मले सूचना प्रकाशित भएको मितिदेखि २१ दिन भित्र बोलपत्र खरीद गरी २२ औं दिनको ३:०० बजे भित्र खरिद गरेको निकायमा दाखिला गर्न सकिने व्यहोरा सूचित गरिन्छ ।

तपसिल

१. लिलाम हुने वन पैदावारको विवरण

श्री डिभिजन वन कार्यालय, अर्घाखाँचीको च.नं. २४९९ मिति २०८१।११।२७ गतेको लिलाम सहमति बमोजिम पहिलो पटक प्रकासित सूचना

| लट नं. | काठको श्रोत | काठको प्रजाति | ग्रेड | थान | परिमाण क्यू.फि. | राजश्व दर | न्यूनतम मूल्य | संकलन खर्च | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| ०१/०८१/०८२ | आ.व. ०७९/०८० मा ढलापडा कटान गरिएको काठ, दाउरा | साल | A | १८ | २३४.७७ | १२५० | २९३४६७ | ४९०७७८ | |
| | | साल | B | ८० | ६०२.२१ | ९०० | ५४१९९१ | | |
| | | साल | C | ३६० | १५१३.८१ | ६०० | ९०८२८६ | | |
| | | साल | D | ९० | १७२.४२ | ३०० | ५१७२७ | | |
| | | बाभी | N | १ | ५.०४ | १०० | ५०४ | | |
| | | सादन | N | ८ | ३३.३६ | ३०० | १०००७ | | |
| | | असना | A | ४ | ५७.०३ | ४०० | २२८११ | | |
| | | असना | B | २१ | १७०.२७ | ३०० | ५१०८१ | | |
| | | असना | C | ५१ | २०४.१५ | १०० | २०४१५ | | |
| | | जामुन | C | ७ | २६.९३ | १०० | २६९३ | | |
| | | चिलाउने | N | २४ | १६६.८८ | २०० | ३३३७६ | | |
| | | साल दाउरा चट्टा | | | १.०० | १२००० | १२००० | २०२५० | |
| | | अन्य दाउरा चट्टा | | | ०.५० | ४००० | २००० | | |
| जम्मा | | | | | | | १९५०३५८ | ५११,०२८ | |

२. बोलपत्र खरिद तथा दाखिला गर्न पाइने अन्तिम मिति र समय :-

(क) खरिद गर्ने अन्तिम मिति २०८१/१२/२५ गते कार्यालय समयसम्म ।

(ख) दाखिला गर्ने अन्तिम मिति २०८१/१२/२६ गते दिउसो ३.०० बजेसम्म ।

३. बोलपत्र डिभिजन वन कार्यालय, अर्घाखाँची र यस समूहको कार्यालयबाट रु. २०००।- (फिर्ता नहुने गरी) तिरी खरिद गरी दाखिला गर्न सकिने छ ।

देवेन्द्र रेस्मी
अध्यक्ष

# देवी देउराली सामुदायिक वन उपभोक्ता समूह

## शितगंगा न.पा. वडा नं. ११, अर्घाखाँची

४. शिलवन्दी बोलपत्र साथ कवोल रकमको १० प्रतिशतले हुन आउने धरौटी यस समूहको नाममा रहेको कृषी विकास बैंक लि., तौलीहव शाखा, कपिलवस्तुमा रहेको हिसाव नं. ०४१५४००६१७८६००२७ खातामा रकम जम्मा गरेको सक्कल बैंक भौचर वा यस समूहको नाममा खिचिएको बैंक ड्राफ्ट वा कम्तीमा ६ महिना अवधिको बैंक जमानत समावेश गर्नुपर्ने छ ।

५. लिलाम बिक्री हुने वन पैदावार सम्वन्धित घाटगद्दी स्थलमा गई हेर्न सकिने छ ।

६. लिलाममा भाग लिन इच्छुक व्यवसायीले काठ दाउराको कारोवार गर्ने व्यवसाय दर्ताको प्रमाणपत्र, नेपाली नागरिकताको प्रमाणपत्र र मूल्य अभिवृद्धि कर दर्ता प्रमाणको प्रतिलिपि, अद्यावधिक सूचिकृत भएको पत्र वोलपत्रसाथ पेश गर्नुपर्ने छ ।

७. रितपूर्वक पर्न आएका वोलपत्रहरु मिति २०८१।१२।२८ गते दिनको १:०० बजे कार्यालय प्रतिनिधी, वोलपत्रदाता वा निजका प्रतिनिधि रोहवरमा समूहको कार्यालयमा खोलिने छ । बोलपत्रदाता वा निजको प्रतिनिधिको अनुपस्थितिमा बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन ।

८. लिलाम स्विकृतीको जानकारी कार्यालयको सुचना पाटीमा टाँस गरिनेछ । स्वीकृतिको जानकारी टाँस भएको मितिले १५ दिन भित्र सकार गरेको रकम र कानुन बमोजिम लाग्ने कर समेत बुझाई तोकिएको अवधि भित्र उठाई लैजानु पर्नेछ ।

९. वोलपत्रमा सकार गरिएको रकम अंक र अक्षर दुवैमा लेख्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइने छ ।

१०.शिलवन्दी भई नआएको, सम्वन्धित कार्यालयवाट विक्री नभएको वा बोलपत्रको फोटोकपी दाखिला गरेको, जसको नाममा विक्री भएको बोलपत्र फाराम हो, उसैको तर्फबाट दाखिला नगरेको, बोलपत्रदाताको हस्ताक्षर नभएको (फर्मको हकमा छाप र हस्ताक्षर नभएको) कवोल अंकको १० प्रतिशत धरौटी समावेश नभएको र बोलपत्र आव्हानको सूचनामा तोकिएका अन्य शर्तहरु पूरा नभएको, बोलपत्र उपर कारवाही हुने छैन ।

११. वोलपत्र शिलवन्दी गरी पेश गर्नुपर्नेछ र शिलवन्दी खाममा लट नम्वर, पेश गर्ने फर्मको नाम र ठेगाना समेत उल्लेख गरी देवी देउराली सा.व.उ.स.को काठ, दाउरा लिलाम शिलवन्दी वोलपत्र भनी उल्लेख गरेको हुनु पर्नेछ ।

१२. वोलपत्र स्विकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार, यस समितिमा निहीत रहने छ ।

१३ यसमा उल्लेख भएकोमा यसै बमोजिम र यसमा उल्लेख नभए जतिको हकमा प्रचलित नीति नियम अनुसार हुने छ ।

१४.उपरोक्त उल्लेखित कुनै दिनमा विदा परेमा सो को भोलिपल्ट कार्यालय खुलेको दिन सोही अनुसार हुनेछ ।

१५.यस विषयमा अन्य केही जानकारी आवश्यक परेमा कार्यालय समय भित्र यस समूहको कार्यालयमा सम्पर्क राख्न सकिने छ ।

इति सम्वत् २०८१ साल चैत्र .महिना ०५ गते रोज ०३ मा शुभम् ...................................।

देवेन्द्र रेस्मी
अध्यक्ष